# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मोरङ, विराटनगर, १नं. प्रदेश, नेपाल

## बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०७९।०२।२०

यस महानगरपालिकाको आ.व.२०७८।०७९ सालको लागि सडक बोर्ड तर्फको बजेटबाट तपसिल अनुसारको निर्माण कार्यका लागि बोलपत्र सूचना आह्वान गरी गराउने निर्णय भएकाले इजाजत प्राप्त निर्माण व्यवसायीहरुले यो सूचना प्रकाशित भएका मितिले दरभाउपत्र ३०औं दिनभित्र खरिद गरी (बोलपत्र दस्तुर पछि फिर्ता नहुने गरी। विराटनगर महानगरपालिकाको नाममा सिलवन्दी बोलपत्र दर्ता गराउन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | मू.अ.कर तथा ओभरहेड बाहेकको लागत रकम | जमानत बापतको धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | BMC/078/079-68 | चिनारी मार्ग सडक मर्मत वडा नं. १, सौगात मार्ग सडक मर्मत वडा नं.२ र हिमाली पथ सडक मर्मत वडा नं. ३ | ३७०४३१२.९५ | १२०५०० | ३००० |
| २ | BMC/078/079-69 | विराट पथ सडक मर्मत वडा नं. ५, गुँरास मार्ग सडक मर्मत वडा नं ५, ममता मार्ग सडक मर्मत वडा नं. ६, प्रकाश न्यौपानेको घरदेखि पश्चिम अर्जुन कोइरालाको घर तर्फ सडक मर्मत वडा नं. ७ र बाँके विहारी मंदीर पुर्व सडक मर्मत वडा नं ८ | ३८२१३७४.८९ | १२४५०० | ३००० |
| ३ | BMC/078/079-70 | शिवबाबा मार्ग सडक मर्मत वडा नं. ११ र प्रगति मार्ग गणेश मंदीरबाट उत्तर जाने सडक मर्मत वडा नं १२ | ३६२६३१७.४७ | ११८००० | ३००० |
| ४ | BMC/078/079-71 | बैंक रोड सडक मर्मत वडा नं १५, केमिकल मार्ग सडक मर्मत वडा न. १६ र रघुपति मार्ग सडक मर्मत वडा नं. १७ | ४८५३२०१.०७ | १५८००० | ३००० |

शर्तहरु:

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति सूचना प्रकाशित भएका मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र रहनेछ। उक्त दिन सार्वजनिक विदा परे क्रमश सोको भोलिपल्ट मान्य हुनेछ ।

२. खरिद गरिएको बोलपत्र ३१ औं दिन दिनको १२ बजेभित्र विराटनगर महानगरपालिका कार्यालयको योजना शाखामा दर्ता गराउन सकिनेछ । दर्ता हुन आएका बोलपत्र सोही दिन दिनको १३:०० बजे न.पा. कार्यालयमा

खोलिने हुँदा उक्त समयमा प्रतिनिधि उपस्थित हुनु पर्नेछ । प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता हुने दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट मान्य हुनेछ ।

३. जमानत वापतको रकम बोलपत्रसाथ कृषि विकास बैंक लि. मूख्य शाखा कार्यालय विराटनगरको धरौटी खाता नं. ०६०१६०११४५९७३०३२ मा नगद जम्मा गरेको भौचर वा न.पा. कार्यालयलाई मान्य हुने १२० दिन मान्य अवधिको बैंक ग्यारेन्टी (विडबौण्ड) जमानत पत्रका साथ आ.व. २०७७।०७८ सालसम्मको करचूक्ता प्रमाणपत्रको प्रतिलिपि, यसै आ.व.मा नविकरण भएको टें.इजाजत प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर प्रमाण पत्र प्रतिलिपि, स्थानीय तहमा दर्ता भएको व्यवसायको प्रतिलिपि स्वयंघोषणापत्र संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र अंक र अक्षर महल दुवैमा अनिवार्य लेखिनु पर्नेछ । अंक र अक्षर महलमा रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्र खरिद निवेदनका साथ ठे. इजाजत पमाणपत्र, मु.अकर प्रभाणपत्र, आ.व.०७७।०७८ सालसम्मको करचूक्ता प्रमाणपत्र प्रतिलिपि, स्थानीय तहमा दर्ता भएको व्यवसायको प्रतिलिपि र न.पा.को कृषि विकास बैंक स्थित आन्तरिक राजश्व खाता नं.०६०१६०११४५९७३११३ मा बोलपत्र दस्तुर बुझाई राजश्व शाखामा नगदी रसिद प्राप्त भएपछी योजना शाखाबाट बोलपत्र फारम उपलब्ध गराइने छ ।

६. न.पा.कार्यालयबाट उपलब्ध गराइएको कार्य तालिका अनुसार कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

७. बोलपत्रको Letter of Bid मा बोलपत्र दाताले अनिवार्य रुपमा आफूले कवोल गरेको रकम लेख्नु पर्नेछ ।

८. बोलपत्र सम्वन्धी अन्य व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एव प्रचलित कानुन वमोजिम हुनेछ ।

९. रितपूर्वक नभएको वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. बोलपत्र सम्वन्धी अन्य जानकारीका लागि कार्यालय समयभित्र योजना शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

११. बोलपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।